# नेपाल इन्जिनियरिङ्ग परिषद्

(नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन,२०५५ द्वारा स्थापित)

# Nepal Engineering Council

( Estd.under NEC Act 2055)


पत्र संख्या :

## नेपाल इन्जिनियरिङ्ग परिषद्को नागरिक एपमा अवद्गुता सम्बन्धि प्रेस नोट

**सूचना प्रकाशित मिति : २०८३।०१।०२**

नेपाल इन्जिनियरिङ्ग परिषद् र नेपाल सरकार, सूचना प्रविधि विभाग बीच नागरिक एप तथा वेब-पोर्टलमार्फत सेवा प्रवाह गर्न मिति २०८२ /१२/२६ मा समझदारी-पत्र (MoU) मा हस्ताक्षर भए अनुसार इन्जिनियरहरुको नाम दर्ता प्रमाणपत्र जाँच तथा अन्य सेवाहरू नागरिक एप मार्फत हुने भएको छ । डिजिटल माध्यमबाट सरल, छरितो र पारदर्शी ढङ्गले नागरिकसम्म पुऱ्याउने कार्यलाई थप सुदृढ बनाउनेछ । सेवा प्रवाहमा प्रयोग हुने डेटा संरचना, सेवा विवरण, API, GUI तथा आवश्यक प्राविधिक जानकारी परिषद्ले उपलब्ध गराउनेछ भने, सूचना प्रविधि विभागले नागरिक एपमा सेवा एकीकरणका लागि आवश्यक नेटवर्क (VPN) जडान, प्रणाली Maping तथा प्राविधिक समायोजन गर्नेछ । समझदारी-पत्रले व्यक्तिगत डेटा गोपनीयता, प्रणाली सुरक्षाको सुनिश्चितता, नियमित Vulnerability Assessment & Penetration Testing (VAPT) गर्ने व्यवस्था साथै सेवा बाधारहित रूपमा सञ्चालन गर्न दुवै पक्षबीच निरन्तर समन्वयको ढाँचा तय गरेको छ ।

समझदारी पत्रमा नेपाल इन्जिनियरिङ्ग परिषद्को तर्फबाट रजिस्ट्रार श्री ध्रुब राज भट्टराई तथा सूचना प्रविधि विभागको तर्फबाट उप महानिर्देशक श्री सुभाष ढकालले हस्ताक्षर गर्नुभएको थियो । दुवै संस्थाका वरिष्ठ प्राविधिक तथा अधिकृतहरूको उपस्थितिमा सम्पन्न MoU ले आगामी दिनमा नागरिकमैत्री डिजिटल सेवा विस्तारमा महत्वपूर्ण योगदान गर्ने विश्वास व्यक्त गरिएको छ । समझदारी अनुसार सबै विवरण रहेका इन्जिनियर हरुको डिजिटल विवरण प्रकाशित भइसकेको छ भने अन्यको विवरण क्रमस अध्यावधिक हुदै जानेछ । यो संगसंगै परिषद्को आवेदन प्रक्रिया पनि नागरिक एप मार्फत गर्ने व्यवस्था मिलाइने छ । साथै परिषद्को सम्पूर्ण सेवा पूर्ण digital र online बनाउने तयारी भइरहेको जानकारी गराइन्छ ।

इ. ध्रुब राज भट्टराई
रजिस्ट्रार
(ने.इ.प. नं.६५२५ सिभिल "क")